# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

नेपाल राष्ट्र बैंक, संचालक समितिमा रिक्त रहेको संचालक पद संख्या दुईमा क्रमशः डा. श्रीराम पौड्याल र डा. रामहरी अर्याल पाँच वर्षे कार्यकालका लागि नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६८।१२।१६ को निर्णय अनुसार नियुक्त हुनुभएको छ ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा व्यवस्था भए बमोजिम सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीज्यूले संचालकद्वयलाई २०६८ चैत्र २६ गते पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु भयो । साथै, शपथ ग्रहणपश्चात् सम्माननीय प्रधान न्यायाधीश खिलराज रेग्मीज्यूले नेपाल राष्ट्र बैंक ऐन, २०५८ का उद्देश्यहरु प्राप्त गर्नका लागि नवनियुक्त संचालकद्वयबाट उल्लेखनीय भूमिका निर्वाह हुने विश्वास व्यक्त गर्नु भयो ।



त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर, Manchester University, बेलायतबाट अर्थशास्त्रमा स्नातकोत्तर तथा Delhi University, भारतबाट अर्थशास्त्रमा विद्यावारिधि गर्नु भएका संचालक डा. पौड्याल त्रिभुवन विश्वविद्यालयको अर्थशास्त्र विभागमा प्राध्यापक पदमा सेवारत हुनुहुन्छ । साथै, उहाँ नेपाल सरकार, अर्थ मन्त्रालयको वरिष्ठ आर्थिक सल्लाहकारको रुपमा पनि कार्यरत हुनुहुन्छ । त्यसैगरी संचालक डा. अर्यालले त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर, Australian National University, Australia बाट Demography मा स्नातकोत्तर तथा The University of Adelaide, Australia बाटै Demography मा विद्यावारिधि गर्नु भएको छ । डा. अर्याल नेपाल सरकारको सेवामा बत्तीस वर्ष लामो अनुभव हासिल गरी सचिव पदबाट सेवानिवृत्त हुनुभएको हो ।

संचालक द्वयको कार्यकालको पूर्ण सफलताको कामना गर्दछौं ।

२०६८ चैत्र २६, आईतबार

गभर्नरको कार्यालय